# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम तीन महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**पौष २०६१**

***www.nrb.org.np***

## मुख्य बुँदाहरु

- आर्थिक वर्ष २०६१/६२ को प्रथम दुई महिनामा बिस्तृत मुद्रा प्रदाय बढेको छ भने संकुचित मुद्रा प्रदाय घटेको छ।
- बैकिङ्ग क्षेत्रबाट श्री ५ को सरकारतर्फ गएको कर्जा घटेको छ।
- आवधिक निक्षेपको बढ्ने क्रम जारी छ।
- मुद्रा बजारमा ट्रेजरी विल्सको ब्याजदर घटेको छ।
- धितोपत्र बजारको कारोवार तथा नेप्से परिसूचकाङ्क बढेको छ।
- कुल सरकारी खर्च घटेको छ।
- कुल खर्च घटेको तर गैर-ऋण साधन उच्च दरले वृद्धि भएको परिणमस्वरुप सरकारी बजेट स्थिति उच्च बचतमा रहेको छ।
- विन्दुगत आधारमा मूल्य सूचकाङ्कको वृद्धिदरमा कमी आएको छ।
- आयात घटेको तर निर्यातको वृद्धिदर उच्च रहेकोले व्यापार घाटा घटेको छ।
- शोधनान्तर घाटा घटेको छ।
- कुल विदेशी विनिमय संचिति २०६० आश्विन मसान्तको रु.१ खर्ब ६ अर्ब ९५ करोडबाट २०.६ प्रतिशतले बढेर २०६१ आश्विन मसान्तमा रु.१ खर्ब २८ अर्ब ९३ करोड पुगेको छ। यो विदेशी विनिमय संचिति १२.४ महिनाको वस्तु आयात र १०.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम तीन महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति


१. २०६१ आश्विन मसान्तमा विस्तृत मुद्राप्रदाय ३.१ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ८५ अर्ब ६० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विस्तृत मुद्रा प्रदाय ०.६ प्रतिशतले मात्र बढेको थियो । खुद स्वदेशी सम्पत्तिमा वृद्धि भएकोले गत वर्षको तुलनामा यस वर्ष विस्तृत मुद्रा प्रदायमा वृद्धि भएको हो । यस वर्ष आवधिक निक्षेप ४.७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९२ अर्ब ३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा आवधिक निक्षेप २.८ प्रतिशतले बढेको थियो । यस वर्ष निजी क्षेत्रको विप्रेषण आप्रवाह बढेकोले आवधिक निक्षेपमा विस्तार आएको हो । गत वर्ष ३.७ प्रतिशतले घटेको संकुचित मुद्रा प्रदाय यस वर्ष ०.२ प्रतिशतले घटेर रु. ९३ अर्ब ५७ करोडमा झरेको छ । माग निक्षेप घटेको कारण यस वर्ष संकुचित मुद्रा प्रदाय घटेको हो । तेस्रो मौद्रिक योगाङ्कको रुपमा रहेको विस्तृत मौद्रिक तरलता एम-३ ( एम-२ र विदेशी मुद्रा निक्षेप) गत वर्ष ०.८ प्रतिशतले बढेको तुलनामा यस वर्ष २.६ प्रतिशतले बढी रु. ३ खर्ब ६ अर्ब १० करोड पुगेको छ ।

२. मौद्रिक योगाङ्कहरुमा विस्तारकारी भूमिका खेल्ने खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समेत) यस वर्ष १.० प्रतिशतले घटी रु. १ खर्ब ६ अर्ब ७२ करोडमा झरेको छ । गत वर्ष खुद वैदेशिक सम्पत्ति १.६ प्रतिशतले घटेको थियो । भारतबाट भारतीय मुद्रामा भुक्तानी गरिने पेट्रोलीयम पदार्थको आयात बढ्न गएको हुँदा भा.रु. सञ्चितिमा चाप पर्न गई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति २०६१ आषाढ मसान्तको तुलनामा २०६१ आश्विन मसान्तमा घटेको छ तापनि घटेको दर आर्थिक वर्ष २०६०/६१ को सोही अवधिको तुलनामा कम रहेको छ ।

चार्ट नं. : १

**मुद्रा प्रदाय तथा उपभोक्ता मूल्य सूची**

प्रथम तीन महिना, प्रतिशत परिवर्तन




३. बैंकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा यस वर्ष ३.५ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ६० अर्ब पुगेको छ । गत वर्ष कुल आन्तरिक कर्जा २.० प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थानहरुमाथिको दाबी तथा श्री ५ को सरकारलाई गएको खुद कर्जा घटेको भएता पनि निजी क्षेत्र माथिको दावी तथा गैर वित्तीय संस्थाहरुमाथिको दावीमा वृद्धिका कारण कुल आन्तरिक कर्जामा वृद्धि भएको हो । यस वर्ष मौद्रिक क्षेत्रको गैर वित्तीय संस्थानहरु माथिको दावी वाणिज्य बैंकहरुबाट नेपाल आयल निगमलाई गएको कर्जामा वृद्धि भएको कारण ३४.९ प्रतिशतले बढी रु. ३ अर्ब ९३ करोड पुगेको छ । गत वर्ष सो दावी १३.९ प्रतिशतले घटेको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थाहरुमाथिको दावी गत वर्ष ४.७ प्रतिशतले बढेकोमा यस वर्ष २.१ प्रतिशतले घटेर रु. १३ अर्ब ६ करोडमा झरेको छ । कृषि विकास बैंकका वाणिज्य बैंकिङ्ग कारोवार गर्ने शाखाहरुको केन्द्रीय कार्यालयहरुमा कायम हुने मौज्दातमा केही कमी आएकोले सो दावीमा कमी आएको हो । गत वर्ष ०.२ प्रतिशतले घटेको श्री ५ को सरकारतर्फ गएको खुद कर्जा श्री ५ को सरकारको नेपाल राष्ट्र बैंकसँगको नगद मौज्दात बढ्न गएकोले यस वर्ष १.३ प्रतिशतले घटी रु. ६१ अर्ब ४९ करोडमा झरेको छ । मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष ३.०

प्रतिशतले वृद्धि भएको तुलनामा यस वर्ष ५.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८१ अर्ब ५१ करोड पुगेको छ । देशका शहरी क्षेत्रमा निर्माण कार्यमा आएको वृद्धिले घर कर्जा वृद्धिका साथै उपभोक्ता कर्जासमेतमा वृद्धिको कारण निजी क्षेत्रमाथिको दावीमा यस वर्ष उल्लेख्य वृद्धि भएको हो ।


४. मुद्राप्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद अमौद्रिक दायित्व (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) यस वर्ष ०.७ प्रतिशतले घटी रु. ८१ अर्ब १२ करोडमा झरेको छ । गत वर्ष खुद अमौद्रिक दायित्व २.४ प्रतिशतले बढेको थियो । यस वर्ष खुद आन्तरिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) ५.७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७८ अर्ब ८७ करोड पुगेको छ । गत वर्ष खुद आन्तरिक सम्पत्ति १.८ प्रतिशतले बढेको थियो । मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जा वृद्धिको तुलनामा खुद अमौद्रिक दायित्वमा ह्रास आएको कारणले खुद आन्तरिक सम्पत्तिमा उल्लेख्य वृद्धि भएको हो ।

५. नेपाल राष्ट्र बैंकले यस आर्थिक वर्षको प्रथम तीन महिनाको अवधिमा विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी जम्मा रु. ८ अर्ब ४१ करोड बराबरको तरलता प्रवाह गरेको छ । देशमा विद्यमान असहज परिस्थितिका कारण लगानीको लागि बैंक कर्जाको माग अपेक्षित रुपमा बढ्न नसकेकोले अल्पकालीन ब्याजदर घटेको छ । उदाहरणका लागि २०६० आश्विन महिनामा ३.७ प्रतिशत रहेको औसत ट्रेजरी बिल्स दर २०६१ आश्विन महिनामा १.३४ प्रतिशतमा झरेको छ ।

## सरकारी वित्त स्थिति

६. श्री ५ को सरकारले कुल खर्चलाई साधारण र विकास शीर्षकमा वर्गीकरण गर्ने गरिएकोमा चालु आर्थिक बर्ष २०६१/६२ को आयव्ययको सार्वजनिक जानकारी बक्तव्यमार्फत यसमा परिवर्तन गरी कुल खर्चलाई चालु खर्च, पूंजीगत खर्च र सांवा भूक्तानी गरी तीन शीर्षकमा बर्गीरण गरेको छ । यी शीर्षकहरु र बिगत आर्थिक बर्षहरुमा भएको साधारण र बिकास खर्चको शीर्षकहरुमा भएको खर्चको तुलनात्मक बिश्लेषण गर्न सान्दर्भिक हुने नदेखिएकोले आर्थिक बर्ष २०६१/६२ को प्रथम तीन महिनाको तथ्यांक मात्र प्रस्तुत गरिएको छ । नगद प्रवाहमा आधारित तथ्यांक अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्ष ८.९ प्रतिशतले बढेकोमा यस वर्ष ८.० प्रतिशतले घटेर रु. १४ अर्ब ३ करोडमा सीमित रहेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. ११ अर्ब ५२ करोड (८२.१. प्रतिशत), पूंजीगत खर्चतर्फ रु. ८२ करोड, (५.८ प्रतिशत), सांवा भुक्तानीतर्फ रु. १ अर्ब ०४ करोड (७.४ प्रतिशत) र फ्रिजतर्फ रु. ६५ करोड (४.६ प्रतिशत) रहेको छ ।

७. गत वर्ष १६.७ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजस्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष पनि १६.७ प्रतिशतले नै वृद्धि भई रु. १४ अर्ब ३६ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजस्व गत वर्ष १३.२ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १७.४ प्रतिशतले वृद्धि भई रु. १२ अर्ब ७१ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष ६२ करोड प्राप्त भएकोमा यस बर्ष रु. १ अर्ब ६६ करोड प्राप्त भएको छ ।



८. साधन परिचालन बढेको तर सरकारी खर्चमा ह्रास आएको कारणले २०६१ आश्विनसम्ममा रु. ३२ करोडको बजेट बचत भएको छ । गत वर्ष यस अवधिमा रु. २ अर्ब ९५ करोड बजेट घाटा भएको थियो । गत बर्ष रु. ७५ करोड वैदेशिक नगद ऋण प्राप्त भएकोमा यस बर्ष रु. ७६ करोड प्राप्त भएको छ । श्री ५ को सरकारको खातामा यस महिनाको अन्त्यसम्ममा सरकारी कारोबारबाट रु. १ अर्ब ५९ करोड बचत रहेको छ । श्री ५ को सरकारले गत बर्ष यसै अवधिमा रु. १ अर्ब ९१ करोड अधिबिकर्ष उपयोग गरेको थियो ।

९. २०६१ आषाढमा श्री ५ को सरकारको खातामा रु. ७५ करोड बचत रहेकोमा यस अवधिमा कुल खर्च ८.० प्रतिशतले घटेको र कुल गैर-ऋण साधन १६.७ प्रतिशतले बढेको फलस्वरुप बजेटमा बचत भएकोले २०६१ आश्विन मसान्तमा श्री ५ को सरकारको खातामा रु. २ अर्ब ३५ करोडको बचत भएको फलस्वरुप श्री ५ को सरकारको तिर्न बांकी खुद आन्तरिक ऋण २०६१ आषाढको रु. ८५ अर्ब ३८ करोड करोडबाट २०६१ आश्विन महिनामा रु. ८४ अर्ब ३१ करोडमा झरेको छ ।

## मूल्य स्थिति

१०. **वार्षिक** विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ आश्विनमा २.६ प्रतिशतले बढेको छ । २०६० आश्विनमा यस्तो बृद्धिदर ५.६ प्रतिशत रहेको थियो । पेट्रोलियम पद्धार्थमा मूल्य बृद्धि भए तापनि अन्न तथा अन्नबाट बनेका परिकारहरुको मूल्य सूचकाङ्क न्हासोन्मुख (०.७ प्रतिशत) रहेको कारण समिक्षा अवधिको मूल्य वृद्धिदर कम रहन गएको हो । २०६० आश्विनमा १५७.१ रहेको समग्र मूल्य सूचकाङ्क २०६१ आश्विनमा १६१.२ पुगेको छ ।

११. यस वर्ष खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क २.१ प्रतिशतले बढेको छ । गत वर्ष यस्तो वृद्धिदर ४.८ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतका उप-समूहहरु मध्ये चिनी तथा चिनीजन्य पदार्थ (२२.९ प्रतिशत), दलहन (५.८ प्रतिशत), तरकारी तथा फलफूल (५.८ प्रतिशत), माछा, मासु तथा फुल (५.४ प्रतिशत), रेष्टुँराको खाना (२.५ प्रतिशत) र मरमसला (१.६ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने अन्न तथा अन्नबाट बनेका परिकारहरु (०.७ प्रतिशत), दूध तथा दुग्ध पदार्थ (०.४ प्रतिशत), पेय पदार्थ (०.४ प्रतिशत) र तेल तथा ध्यू (०.१ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।

१२. गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क गत बर्ष ६.५ प्रतिशतले बढेकोमा यस वर्ष ३.० प्रतिशतले मात्र बढ्न गएको छ । यस समूह अन्तर्गतका उप-समूहहरुमा घरायसी सामान तथा सेवाहरु (५.४ प्रतिशत), शिक्षा तथा मनोरंजन (४.१ प्रतिशत), लत्ता कपडा (२.५ प्रतिशत), औषधी तथा व्यक्तिगत हेरचाह (१.८ प्रतिशत) को मूल्य बढेको छ भने जुत्ता (०.७ प्रतिशत), यातायात तथा संचार (०.३ प्रतिशत) र सूर्तिजन्य वस्तुहरु (०.१ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।


१३. क्षेत्रगत आधारमा मूल्य सूचकाङ्क काठमाडौं उपत्यकामा ३.६ प्रतिशत, तराईमा २.३ प्रतिशत र पहाडमा १.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर क्रमशः ७.० प्रतिशत, ५.१ प्रतिशत र ४.८ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमशः २.७ प्रतिशत, २.१ प्रतिशत र १.९ प्रतिशतले बृद्धि भएको छ । त्यस्तैगरी गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, तराई र पहाडमा क्रमशः ४.४ प्रतिशत, २.७ प्रतिशत र १.९ प्रतिशतले वृद्धि भएको छ ।

१४. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६१ आश्विन महिनामा ६.० प्रतिशतले बृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ३.५ प्रतिशत रहेको थियो । नगदे वाली, निर्माण सामग्री तथा यातायातका साधन र मेशिनरी औजारको मूल्य बढेको कारण गत वर्षको तुलनामा यस वर्षको मूल्य वृद्धिदर बढी रहन गएको हो । समूहगत रुपमा आयातीत वस्तुहरु, स्वदेशमा उत्पादित वस्तुहरु र कृषि सम्बन्धी वस्तुहरुको मूल्यमा क्रमशः ८.६ प्रतिशत, ७.७ प्रतिशत र ३.७ प्रतिशतले वृद्धि भएको छ ।

## वैदेशिक व्यापार

१५.आर्थिक बर्ष २०६१/६२ को प्रथम तीन महिनासम्ममा, भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार, कुल निर्यात १४.६ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ४० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा कुल निर्यात ६.४ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष १४.२ प्रतिशतले वृद्धि भएको भारततर्फको निर्यात यस बर्ष ३०.२ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब १२ करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत वर्ष १.३ प्रतिशतले घटेकोमा यस वर्ष ३.२ प्रतिशतले घटी रु. ५ अर्ब २८ करोडमा सीमित रहेको छ । यस वर्ष भारततर्फको निर्यातको प्रमुख वस्तुहरुमध्ये दाल, अलैची, वनस्पति घ्यू, चिया, पोलिष्टर धागो, पश्मीना, आल्मुनीयम सेक्सन, तामाको तार तथा डण्डी, रसायन, जुस, पिना,


गाइवस्तुको दाना, जुत्ता चप्पल, कपडा, खयर, खोटो, फापर आदिको निर्यातमा वृद्धि भएको छ । यसैगरी अन्य मुलुकतर्फ ऊनी गलैंचा, पश्मीना र प्रशोधित छालाको निर्यात बढे तापनि दाल, तयारी पोशाकको निर्यात घटेको छ । भारततर्फ भने दन्तमन्जन, सुठो, अदुवा, अलैंची, ढुटोको तेल, जि.आई. पाइप, एम.एस. पाइप, कागज, तयारी पोशाक जस्ता वस्तुहरुको निर्यात घटेको छ ।




१६. गत बर्ष २०.२ प्रतिशतले वृद्धि भएको कुल आयात यस बर्ष ३.८ प्रतिशतले घटी भई रु. ३१ अर्ब ८ करोडमा सीमित भएको छ । गत वर्ष १७.४ प्रतिशतले वृद्धि भएको भारतबाट भएको आयात यस बर्ष ८.७ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात भने गत वर्ष २३.८ प्रतिशतले वृद्धि भएकोमा यस बर्ष १९.१ प्रतिशतले घटेको छ । यस वर्ष भारतबाट मुख्यतया धागो, रसायन, यातायातका साधन तथा पूर्जाहरु, रासायनिक मल, पेट्रोलियम पदार्थ, औषधि, कोल्ड रोल्ड सिट, एम एम वायर रड, प्लाष्टिक दाना आदि वस्तुहरुको र अन्य मुलुकहरुबाट खाद्य तेल, सुपारी, कच्चा ऊन, टेलिभिजन, तामाको तार तथा पाता जस्ता वस्तुहरुको आयात बढेको छ भने भारतबाट गहुँ, चामल, दाल, नून, हट रोल्ड सिट, एम एम विलेट, सिमेन्ट आदि र अन्य मुलुकहरुबाट धागो, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, प्लाष्टिक दाना, टायर तथा ट्युब, दूरसञ्चारका उपकरण तथा पूर्जाहरु, हवाईजहाजका पार्टपूर्जा, विद्युतीय सामान, औषधि, कपडा आदिको आयातमा ह्रास आएको छ ।

१७. यस बर्ष निर्यातमा वृद्धि तथा आयातमा ह्रास आएको कारण कुल ब्यापार घाटा १४.३ प्रतिशतले घटी रु. १७ अर्ब ६८ करोड रहेको छ । गत वर्ष व्यापार घाटा २९.७ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, कुल व्यापार गत वर्ष १६.२ प्रतिशतले वृद्धि भएको तुलनामा यस बर्ष निर्यात वृद्धि भए तापनि ठूलो आधार भएको आयातमा ह्रास आएको कारण १.१ प्रतिशत को न्यून दरले बढेको छ । भारततर्फको निर्यात तथा आयात बढेको तर अन्य मुलुकतर्फको निर्यात तथा आयात दुबैमा ह्रास आएको कारण कुल व्यापारमा भारतको अंश गत वर्षको ५४.५ प्रतिशतबाट वृद्धि भई यस बर्ष ६१.६ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ४५.५ प्रतिशतबाट ३८.४ प्रतिशतमा झरेको छ ।

१८. नेपालको कुल निर्यात/आयात अनुपात गत वर्ष ३६.२ प्रतिशत रहेकोमा यस बर्ष निर्यात बढेको तथा आयात घटेकोले यो अनुपात ४३.१ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ३५.२ प्रतिशत रहेकोमा यस बर्ष ४२.१ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको अनुपात गत वर्ष ३७.४ प्रतिशत रहेकोमा यस बर्ष ४४.८ प्रतिशत पुगेको छ ।




## शोधनान्तर स्थिति

१९. शोधनान्तरको प्रथम दुई महिनाको तथ्याङ्क अनुसार यस वर्ष गत वर्षको सोही अवधिको तुलनामा निर्यात बढेको तथा आयात घटेको कारण व्यापार घाटा १७.८ प्रतिशतले घटी रु. १० अर्ब ३६ करोडमा झरेको छ । गत वर्षको सोही अवधिमा व्यापार घाटा २२.० प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६१/६२ मा सेवातर्फ अन्यत्र नपरेको सरकारी आय २५.६ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ९ करोड पुगेको छ भने पर्यटन आय १७.५ प्रतिशतले घटी रु. १ अर्ब ६३ करोड र अन्य सेवा आय २.९ प्रतिशतले ह्रास भई रु. १ अर्ब १ करोडमा झरेको छ । फलस्वरुप गत वर्ष २७.४ प्रतिशतले बढेको कुल सेवा आय यस वर्ष ३.९ प्रतिशतले घट्न गई रु. ३ अर्ब ७३ करोड कायम भएको छ । सेवा क्षेत्रको भुक्तानीतर्फ पर्यटन खर्च र अन्य खर्च क्रमशः ९.३ प्रतिशत र ३.९ प्रतिशतले बढेको र यातायात खर्च ०.२ प्रतिशतले घटेको कारण कुल सेवा भुक्तानीमा ३.८ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ५६ करोड पुगेको छ ।

२०. यस वर्षको दुइ महिनामा आय शीर्षकतर्फको प्राप्ति (Income Credit) ३.५ प्रतिशतले वृद्धि भई रु. ४२ करोड पुगेको छ । त्यस्तै, उक्त शीर्षकतर्फको भुक्तानी ५.५ प्रतिशतले बृद्धि भई रु. ६५ करोड पुगेको छ । फलस्वरुप वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा १५.७ प्रतिशतले घटी भई रु. १० अर्ब ४१ करोडमा ओर्लेको छ । यस्तो घाटा गत वर्ष २१.१ प्रतिशतले वृद्धि भएको थियो ।

२१. ट्रान्सफर आयतर्फ अनुदान गत वर्ष १२२.८ प्रतिशतले वृद्धि भएको विपरित यस वर्ष ४५.० प्रतिशतले घटी रु. २ अर्ब २९ करोडमा झरेको छ । निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) गत वर्षको ७९.९ प्रतिशत वृद्धिको विपरित यस वर्ष १६.० प्रतिशतले घटी रु. १० अर्ब ५१ करोडमा झरेको छ । इराकमा १२ जना नेपाली श्रमिकहरुको हत्या पाश्चात गत भदौ १६ गते नेपालमा भएको विद्रोहको कारण यस वर्षको २ महिनामा विप्रेषण घट्न गएको हो । यस वर्ष निवृत्तिभरण (Pension) आय ९१.१ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ८८ करोड पुगेको छ भने अन्य शीर्षकमा रहेको भारतीय अन्तःशुल्क फिर्ता रकम ९३.३ प्रतिशतले बढी रु. २२ करोड पुगेको छ । ट्रान्सफर भुक्तानी २७.७ प्रतिशतले वृद्धि भई रु. ५७ करोड पुगेको छ । गत वर्ष यस्तो भुक्तानी १९८.८ प्रतिशतले उच्च वृद्धि भई रु. ४४ करोड पुगेको थियो ।

२२. यस वर्ष चालु खातामा रु. ३ अर्ब ९२ करोडको बचत भएको छ । गत वर्षको सोही अवधिमा चालु खातामा रु. ४ अर्ब ९७ करोड बचत भएको थियो । पूँजीगत ट्रान्सफर यस वर्ष रु. १४ करोड प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. ४६ करोड प्राप्त भएको थियो ।

२३. वित्तीय खाता (Financial Account) तर्फ अन्य लगानी सम्पत्ति (Other Investment Assets) गत वर्ष रु. १० अर्ब ४५ करोड थप भएकोमा यस वर्ष केवल रु. ३ अर्ब थप भएको छ, जसमध्ये व्यापारिक ऋण रु. १० करोड रहेको छ । अन्य लगानी दायित्व (Other Investment Liabilities) गत वर्ष रु. ४ अर्ब ९३ करोड रहेकोमा यस वर्ष रु. १ अर्ब ६५ करोड थप भएको छ । यसमध्ये व्यापारिक ऋण (Trade Credit) रु. १ अर्ब २० करोड रहेको छ । सोही अवधिमा रु. २२ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. ३८ करोड रहेको छ । फलस्वरुप, खूद सरकारी ऋण आप्रवाह रु. १५ करोडले नकारात्मक रहेको छ । यस वर्ष विदेशी मुद्रा तथा

निक्षेप दायित्व रु. ६१ करोडले बढेको छ । सोही अनुरुप वित्तीय खाता रु. १ अर्ब ३५ करोडले ऋणात्मक रहन गएको छ । चालु खातामा बचत भए तापनि विविध पूँजी समेत नकारात्मक रहेको कारण यस वर्षको प्रथम दुई महिनामा रु. ४ अर्ब २३ करोडको शोधनान्तर घाटा भएको छ । गत वर्षको यसै अवधिमा पनि रु.२ अर्ब ५९ करोडको शोधनान्तर घाटा भएको थियो । मौद्रिक तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६१/६२ को प्रथम तीन महिनामा रु. १ अर्ब ४६ करोड शोधनान्तर घाटा भएकोमा यस बर्षको सोही अवधिमा रु. १ अर्ब ४ करोडको शोधनान्तर घाटा भएको छ ।


## विदेशी विनिमय संचिति

२४. कुल विदेशी विनिमय संचिति २०६० आश्विन मसान्तमा २.८ प्रतिशतले वृद्धि भएको तुलनामा २०६१ आश्विन मसान्तमा २०.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब २८ अर्ब ९३ करोड पुगेको छ । २०६० आश्विनको तुलनामा २०६१ आश्विनमा परिवर्त्य बिदेशी विनिमय संचिति १९.९ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुक तर्फको आयात उच्च दरले घटेको तथा बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण आर्थिक बर्ष २०६१/६२ को प्रथम तीन महिनामा परिवर्त्य संचिति बढेको हो । यस अवधिमा भारततर्फको निर्यात उल्लेख्य वृद्धि भएकोले अपरिवर्त्य संचिति पनि ३०.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष परिवर्त्य संचिति २३.० प्रतिशतले वृद्धि भएको थियो भने अपरिवर्त्य संचिति ७२.३ प्रतिशतले ह्रास भएको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९३.८ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ६.२ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६०/६१ को तेश्रो महिनामा यस्तो अंश क्रमश: ९४.३ प्रतिशत र ५.७ प्रतिशत रहेको थियो । यस बर्षको तीन महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले १२.४ महिनाको वस्तु आयात र १०.५ महिनाको वस्तु र सेवा आयात धान्न पर्याप्त छ ।

चार्ट नं. : ५

**शोधनान्तर स्थिति तथा बिदेशी बिनिमय संचिति**

(प्रथम तीन महिना, रकमगत)





## शेयर बजार गतिविधि

२५. शेयर बजारमा २०६१ आश्विन महिनामा गत वर्षको सोही महिनाको तुलनामा संख्यात्मक तथा रकमगत शेयर कारोवारमा ठूलो वृद्धि भएको छ । साथै शेयर बजारका अन्य परिसूचकहरुमध्ये शेयर मूल्य, सूचीकृत र कारोवार भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरणमा पनि वृद्धि भएको छ । बाणिज्य बैंकहरु र औधोगिक उत्पादन क्षेत्रका कम्पनीहरुको दोस्रो शेयर बजार कारोवार उल्लेखनीय रुपमा बढेको छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भए तापनि अघिल्लो वर्षको आश्विन महिनाको तुलनामा समीक्षा अवधिमा चुक्ता पूँजी १.२ प्रतिशतले ह्रास भई रु. १२ अर्ब ५४ करोड १० लाखमा झरेको छ । २०६० आश्विन महिनाको तुलनामा यस वर्षको सोही महिनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा २०.५ प्रतिशतले वृद्धि भई रु. ४४ अर्ब ४७ करोड पुगेको छ । २०६० आश्विन मसान्तमा कारोवार बन्द हुँदा २०७.५४ रहेको नेप्से परिसूचकमा यस वर्षको सोही महिनाको अन्त्यमा २३.७७ विन्दु (११.५ प्रतिशत) ले वृद्धि भई २३१.३१ पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज लि. मा २०६० आश्विन महिनामा सूचीकृत कम्पनीहरुको संख्या १०९ रहेकोमा २०६१ आश्विन महिनामा त्यस्ता कम्पनीहरुको

संख्या ११६ पुगेको छ । गत वर्षको आश्विन महिनामा ५९ वटा कम्पनीको शेयर कारोवार भएकोमा समीक्षा अवधिमा कारोवार भएको कम्पनीहरुको संख्या ७४ पुगेको छ ।

२६. २०६१ आश्विन महिनामा रु.२० करोड ८ लाख मूल्यका ७ लाख ७ हजार कित्ता शेयर १५९७१ कारोवार मार्फत खरीदबिक्री भएका छन् । गत वर्षको सोही महिनामा रु. २ करोड ४७ लाख मूल्यका १ लाख २२ हजार कित्ता शेयर ३६५५ कारोवार मार्फत खरीदबिक्री भएका थिए । २०६१ आश्विन महिनामा गत वर्षको सोही महिनाको तुलनामा संख्यात्मक शेयर कारोवारमा ४.८ गुणा र रकमगत कारोवारमा ७.१ गुणाले वृद्धि भएको देखिन्छ ।

२७. २०६१ आश्विनमा कुल कारोवार रकममा वाणिज्य बैंक समूहको ९२.४ प्रतिशत, वित्त कम्पनीहरुको ४.२ प्रतिशत, वीमा कम्पनीहरुको २.० प्रतिशत, विकास बैंक समूह र औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरु ०.५/०.५



चार्ट: ६
**नेप्से परिसुचकांक**
(आश्वीन मसान्तको)

प्रतिशत, होटेल समूहको ०.३ प्रतिशत र व्यापारिक समूह, र अन्य समूहको योगदान नगन्य रहेको छ । गत वर्ष वाणिज्य बैंक समूहको ५५.० प्रतिशत, वित्त कम्पनीहरुको २८.५ प्रतिशत, वीमा कम्पनीहरुको ८.९ प्रतिशत, व्यापारिक समूहको ४.५ प्रतिशत, विकास बैंक समूहको ०.९ प्रतिशत, होटेल समूह १.१ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको ०.६ प्रतिशत र अन्य समूहको योगदान नगन्य रहेको थियो ।

*****